# चम्पादेवी गाउँपालिका, ओखलढुंगा

## कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्ड ७, संख्या ८ मितिः २०८१/०३/२६**

**भाग २**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम चम्पादेवी गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरी जारी गरेको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**कार्यपालिकाबाट स्वीकृत मिति**: २०८१/०३/२४ **प्रमाणिकरण मिति**: २०८१/०३/२५

### "चम्पादेवी गाउँपालिका भित्र पेय तथा सुर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने सम्बन्धी कार्यविधि, २०८१"

**प्रस्तावना :** चम्पादेवी गाउँपालिका भित्र अन्यत्रबाट आयात गरिने सिसाजन्य मदिरा तथा अन्य पेयपदार्थहरु (वियर, रक्सी, डिउ, कोक, फेन्टा, रेडबुल) तथा सुर्ती तथा सुर्ती जन्य चुरोट, गुड्का आदि सामानहरुको सेवनले चम्पादेवी गाउँपालिकाका नागरिकहरुको स्वास्थ्यमा गम्भिर असर पारी रोगी बनाउने, स्थानीय अर्थतन्त्रलाई कमजोर बनाउने, महिला तथा घरेलु हिंसा उत्पन्न गर्ने तथा परिवारलाई विखण्डन गर्न प्रत्यक्ष असर पार्ने भएको हुँदा चम्पादेवी गाउँपालिका बासीहरुलाई रोगबाट बचाउन, आर्थिक सुधार गर्न, विघटनोन्मुख गाउँलाई बचाउन, महिला तथा घरेलु हिंसाबाट उन्मुक्ति दिन निम्ति त्यस्ता पदार्थहरुलाई रोक लगाउने कार्यविधि बनाउन वाञ्छनिय भएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस चम्पादेवी गाउँपालिका गाउँ कार्यपालिकाको बैठकको निर्णयबाट चम्पादेवी गाउँपालिका भित्र पेय तथा सुर्तिजन्य पदार्थ नियमन र नियन्त्रण गर्ने सम्बन्धी कार्यविधि २०८१ स्वीकृत गरी लागू गरिएको छ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम " चम्पादेवी गाउँपालिका भित्र पेय तथा सुर्तिजन्य पदार्थ नियमन र नियन्त्रण गर्ने सम्बन्धी कार्यविधि २०८१" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखी प्रारम्भ हुनेछ ।

(३) यो  चम्पादेवी गाउँपालिका क्षेत्र भित्र मात्र लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

**(क) "कार्यविधि"** भन्नाले " चम्पादेवी गाउँपालिका भित्र पेय तथा सुर्तिजन्य पदार्थ नियमन र नियन्त्रण गर्ने सम्बन्धी कार्यविधि, २०८१ सम्झनु पर्छ ।

(ख) **"गाउँपपालिका"** भन्नाले चम्पादेवी गाउँपालिका सम्झनुपर्छ ।

(ग) **"कार्यपालिका"** भन्नाले चम्पादेवी गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(घ) **"कार्यालय"** भन्नाले चम्पादेवी गाउँपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ङ) **"प्रदेश"** भन्नाले कोशी प्रदेश सम्झनु पर्छ ।

(च) **"वडा कार्यलय"** भन्नाले चम्पादेवी गाउँपालिका मातहतका सबै १० वटा वडाहरु सम्झनु पर्छ ।

(छ) **"विक्रेता"** भन्नाले खुद्रा तथा होलसेल विक्रेता समेतलाई सम्झनु पर्छ ।

(छ) **"पेय पदार्थ"** भन्नाले वियर, रक्सी, डिउ, कोक, फेन्टा, रेडबुल सम्झनु पर्छ ।

(ज) **"सुर्तिजन्य पदार्थ"** भन्नाले चुरोट, विडी, सुर्ति, खैनी, गुड्का आदि सम्झनु पर्छ ।

**३. उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) चम्पादेवी गाउँपालिका भित्र अन्यत्रबाट आयात गरिने सिसाजन्य मदिरा तथा अन्य पदार्थहरु ( वियर, रक्सी, डिउ, कोक, फेन्टा, रेडबुल, सुर्ती तथा सुर्ती जन्य चुरोट, गुड्का) आदि सामानहरुको रोक लगाउने,

(ख) स्थानीय अर्थतन्त्रलाई बलियो बनाउने,

(ग) गाउँपालिका बासीहरुलाई रोगबाट बचाउन, आर्थिक सुधार गर्न, विखण्डनोन्मुख गाउँलाई बचाउन, महिला तथा घरेलु हिंसाबाट उन्मुक्ति दिने ।

## परिच्छेद -२

## विक्रि वितराण्मा रोक लगाउने

४. चम्पादेवी गाउँपालिका भित्र मिति २०८१/०४/३ गते देखी यातायातमा पूर्ण रुपमा प्रतिवन्ध र हालसम्म आयत गरिसकेको सामानहरुलाई २०८१ साल को असोज १५ गते भित्र विक्रिवितरण गरि सक्नु पर्ने छ ।

५. पेय तथा सुर्तिजन्य पदार्थहरुको आयत, विक्रिवितरण तथा सेवन पूर्ण रुपमा प्रतिबन्ध लगाईएको जानकारी गराउने सूचना प्रकाशन गर्नुपर्नेछ ।

## परिच्छेद -३

## समिति सम्बन्धि व्यवस्था

**६.** चम्पादेवी गाउँपालिकामा पेय पदार्थ तथा सुर्तिजन्य पदार्थ नियमन तथा नियन्त्रण कार्यलाई प्रभावकारी बनाउन देहाय बमोजिम गठन हुनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिकाको उपाध्यक्ष | संयोजक |
| (ख) सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) शिक्षा, यूवा तथा खेलकुद शाखा प्रमुख | सदस्य |
| (ङ) सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |

५ समितिको काम कर्तव्य र अधिकार:

क) पेय पदार्थ तथा सुर्तिजन्य पर्दाथको नियन्त्रण तथा नियमनका लागि अपनाउनुपर्ने नीति तथा सुधार गर्नुपर्ने विषयमा गाउँ कार्यपालिका समक्ष सुझाव पेश गर्ने ।

ख) पेय पदार्थ तथा सुर्तिजन्य पर्दाथको सेवनलाई निरुत्साहित गर्न यसबाट पर्ने नकारात्मक असरका सम्बन्धमा चेतनामुलक कार्यक्रम सञ्चाल गर्ने,

ग) पेय पदार्थ तथा धुम्रपानको लतमा लागेकालाई सोबाट छुटकारा दिलाई स्वास्थ्य जीवनयापन को लागि आवश्यक उपाय अवलम्बन गर्ने,

घ) पेय पदार्थ तथा सुर्तिजन्य पदार्थको आयत, उत्पादन, विक्रिवितरण र उपभोगमा न्यूनिकरणको लागि आवश्यक कार्य गर्ने ।

## परिच्छेद -४

## जरिवाना सम्बन्धी व्यवस्था

**७.** गाउँपालिकाले सूचना प्रकाशन गरे पश्चात रोक लगाएका पदार्थहरु विक्रिवितरण गरेको पाइएमा त्यस्ता सामाग्री जफा गरिने छ ।

८. जफत गरेका पदार्थहरु कानून बमोजिम मानव स्वास्थ्य तथा वातावरणमा प्रतिकुल प्रभाव नपर्ने गरि नष्ट गर्नुपर्नेछ ।

## परिच्छेक - ५

## विविध

**९.प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएका वुंदाहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम नै हुने छ ।

**१०.संशोधन** : यस कार्यविधिको कार्यन्वायनमा कुनै बाधा अड्चन परेमा गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्ने छ ।

आज्ञाले,

प्रेम प्रसाद सुवेदी

नि प्रमुख प्रशासकीय अधिकृत